म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४३ सोमबार २५ भदौ २०८० ने. सं. ११४३ गुँलागा 11 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट लागूऔषध सहित एकजना पक्राउ

हेटौंडा, २४ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले २९५ एम्पुल लागूऔषध डाईजेपाम सहित १ जनालाई नियन्त्रणमा लिएको छ । ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरीचौकी रातोमाटेबाट खटिएको संयुक्त प्रहरीटोलीले हेटौंडा-१५ चुरियामाईस्थित सडकमा सवारी साधनहरु रोकी चेकजाच गर्ने क्रममा बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बाप्र ०३९००१ ख ०३०५ नं को यात्रुबाहक माईक्रो बसमा सवार जिल्ला पर्सा पोखरिया नगरपालिका-९ पोखरिया बस्ने बर्ष २३ को जुगेश्वर राउत कुर्मीलाई नियन्त्रणमा लिएको हो । कुर्मीको साथमा लुकाइ ल्याएको लागूऔषध डाईजेपाम १०० एम्पुल, फेनार्गन ८६ एम्पुल र नुफिन ९९ एम्पुल बरामद गरेको छ । कुर्मीलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडामा समाजवादी मोर्चाको सन्देशसभा

# प्रधानमन्त्री प्रचण्ड, माधव र विप्लवबीच 'फाटेको मन सिलाउने प्रयास'

निशा गुरुङ

हेटौंडा, २४ भदौ/ हेटौंडामा आतइतबार समाजवादी मोर्चाको सन्देशसभा भएको छ । नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), नेपाल कम्युनिष्ट पार्टी र जसपाको समाजवादी मोर्चाको उद्देश्य र औचित्यबारे जानकारी दिन सन्देशसभा राखिएको थियो ।

सन्देशसभालाई सम्बोधन गर्न प्रधानमन्त्री तथा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री तथा नेकपा (एस) अध्यक्ष माधव नेपाल र नेकपा अध्यक्ष नेत्रविक्रम चन्द विप्लवलगायतका नेता मन्चमा थिए । समाजवादी मोर्चाको सन्देश प्रवाह गर्न शीर्ष नेतृत्वले कति सके वा सकेनन् त्यो नेता कार्यकर्ताले प्रष्ट्याउलान तर, नेताहरुबीच 'फाटेको मन सिलाउने प्रयास' भने रोचक थियो । प्रचण्ड, माधव र विप्लवले एकअर्काबीच प्रशंसा गर्दै विगतमा फाटेको मन जोड्न खोजिरहेको सन्देश भने छर्लङ्गै सुनियो ।

तत्कालीन माओवादी केन्द्रकै एक खम्बा विप्लव अलगिगएर नयाँ पार्टी स्थापनासँगै भूमिगत भएका थिए । भूमिगत राजनीतिक गतिविधि गरिरहँदा विप्लव प्रचण्डका कट्टर आलोचकमध्ये एक थिए । प्रचण्डकै कारण माओवादीले बाटो बिराएको टिप्पणी गर्ने विप्लवले आइतबार हेटौंडामा प्रचण्डको खुलेरै प्रशंसा गरे । विप्लव अगाडि पनि प्रधानमन्त्री प्रचण्ड प्रशंसा गर्न कमजोर देखिएनन् । कांग्रेस र नेकपा एससहितको तत्कालीन गठबन्धनबाट फुत्त निस्किएर प्रचण्ड एमाले अध्यक्ष केपी शर्माओलीसँग निजिकिँदा र चालू आर्थिक वर्ष २०८०/८१ को बजेट ल्याउँदा उनै प्रचण्डसँग आगो बनेका माधव नेपालको सारथी बन्न उनी पछाडि परेनन् ।




शीर्ष नेताहरुले एकअर्काको प्रशंसा मात्रै गरेनन्, एमाले अध्यक्ष ओलीको आलोचना पनि गर्न भ्याए । समाजवादी मोर्चाको औचित्य र यसको भविष्यबारे बताउन हेटौंडा ओर्लिएका देशका शीर्ष नेता नै अर्का नेताको आलोचनामा रुमलिँदा बौद्धिक कार्यकर्ताले भने नाक खुम्च्याएका थिए । कार्यक्रम सभाहलमा भेटिएका एक कार्यकर्ताले गुनासो पोखे 'यहाँ आफ्नो धारणा राख्न आउनुभएको थियो । अरुको आलोचना गरेर नेता, कार्यकर्तालाई के सिकाउन खोजिएको होला । हाम्रा नेताहरुको रोग कहिल्यै नजाने भयो ।',

प्रधानमन्त्री प्रचण्डले सम्बोधनको सुरुवातमा व्यवस्था परिवर्तनको लागि जनताले गरेको बलिदानको सम्मान गर्न नसक्दा प्रतिक्रियावादी तत्वहरुले आफू विरुद्ध मुद्दा दायर गरेको बताए । यो वाक्यलगत्तै उनले मोर्चाका सहयात्री दल एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई स्मरण गरे । प्रधानमन्त्री प्रचण्डले सरकारले सुरु गरेको भ्रष्टाचार विरुद्धको अभियानमा अध्यक्ष नेपालबाट पाएको समर्थनको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरे । गणतन्त्र स्थापनको आधार स्मरण गर्दै माओवादी आन्दोलनको सहयात्री विप्लवको प्रशंसा गरेका थिए । जनयुद्धको पछिल्लो समय सबैभन्दा नजिक रहेर काम गरेको र सरकारलाई सुशासनको काममा अघि बढ्न हौसला प्रदान गर्ने काम गरेको भन्दै प्रधानमन्त्री प्रचण्डले विप्लवको प्रशंसा गरे ।

'विप्लवले सरकारलाई सुशासनका काममा बलियो साथ दिनुभएको छ । सरकारको काममा तपाई अघि बढ्ाउनुस् सडकबाट हामी साथ दिन्छौ भन्नु भएको छ । म त्यसको प्रशंसा गर्दै धन्यवाद दिन चाहन्छु।', विप्लवको प्रशंसा गर्दै प्रचण्ड सुनिए । विप्लवको नेतृत्वमा भएको एकीकृत जनक्रान्तिको प्रयोगलाई सबैको साझा सम्पत्तिको रुपमा स्वीकार गर्नुपर्ने भन्दै प्रधानमन्त्री प्रचण्डले पुन: विप्लवको प्रशंसा गरे । प्रधानमन्त्री प्रचण्डले नेपालमा गणतन्त्र स्थापनमा अध्यक्ष नेपालको महत्वपूर्ण भूमिका रहेको बताए । सोही क्रममा उनले एमाले अध्यक्ष ओलीले पाटीको नेतृत्व लिएको भए गणतन्त्र स्थापना हुन नसक्ने प्रधानमन्त्री प्रचण्डको भनाइ थियो ।

ओली एमालेको तत्कालीन महासचिव वा प्रमुख भएको भए जनयुद्ध, जनआन्दोलनको संयोजनबाट जनक्रान्ति नहुने उनले बताए । 'तत्कालीन अवस्थामा माधवको ठाउँमा ओली महासचिव भएको भए व्यवस्था परिवर्तन हुने थिएन । म अहिले स्मरण गर्न चाहन्छु । ओली भएको भए जनआन्दोलन र गणतन्त्र स्थापना हुने थिएन । त्यति बेला माओवादीले संघीयता, गणतन्त्र ल्याउन सशस्त्र युद्ध गऱ्यो । कांग्रेसबाट गिरिजाप्रसादले जनआन्दोलनको नेतृत्व गर्नुभयो । माधवजीले माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सहयोग गर्नुभयो,' उनले भने ।

यसैगरी, प्रधानमन्त्री प्रचण्डले आफ्नो सुशानसनको अभियानबाट प्रतिगामी तर्सिएको दाबी गरे । उनले जातीय र धार्मिक द्वन्द्व नफैलाउन सबैलाई आग्रह समेत गरेका छन् । उनले जनयुद्धमा जातीय र धार्मिक द्वन्द्व कतै नभएको उल्लेख गर्दै यस्तो कार्यमा संलग्न नहुन सबैलाई आग्रह गरे । पूर्वप्रधामन्त्री माधव नेपालले कमजोरीलाई स्वीकार गर्दै दृढ भएर जनताका लागि काम गर्नुपर्नेमा जोड दिए । उनले समानताको सिद्धान्त लागू गर्न र जनतालाई स्तरीय जीवन बाँच्न पाउने आधार तयार गर्नका लागि समाजवादी मोर्चाका दल एक भएर काम गर्ने बताए ।

नेपाल कम्युनिष्ट पार्टी माओवादीका अध्यक्ष नेत्रविक्रम चन्दले समाजवादी मोर्चा नयाँ उपलब्धी र नेपाली जनताको चाहनाबाट गठन भएको दाबी गरे । उपलब्धीलाई रक्षा गर्न यसको आवश्यकता रहेको बताउँदै उनले साम्रज्यवादसँग लड्नको लागि नयाँ परिस्थितिको उपजका निम्ति मोर्चा घोषणा आवश्यकता रहेको बताए । सरकारले सुरु गरेको भ्रष्टाचार विरुद्धको अभियानमा आफ्नो पार्टीको साथ र सहयोग गर्ने स्पष्ट पारे । उनले वर्तमान सरकारले जनताको पक्षमा काम गरिरहेको भन्दै सरकारलाई अझ सशक्त बनाउँदै जनपक्षीय काममा लाग्न सुझाव दिएका छन् ।

हेटौंडा आएर शेखरले भने-

# 'कांग्रेसले सरकारको नेतृत्व गर्नुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ नेपाली कांग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विस्थापन गरेर अब कांग्रेसको नेतृत्वमा सरकार बन्नुपर्ने बताएका छन् ।

पछिल्लो समय प्रचण्ड नेतृत्वको सरकार असफल भएको सन्देश प्रवाह गर्दै आइरहेका कोइरालाले आइतबार हेटौंडामा आयोजित पार्टी कार्यक्रमलाई सम्बोधन गर्दै सरकार परिवर्तनको विषय उठाएका हुन् । उनले वर्तमान प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकार फेर्नुपर्ने संकेत गरेका छन् । कोइरालाले प्रचण्डलाई प्रधानमन्त्रीबाट हटाउनुपर्ने संकेत गरिरहँदा प्रचण्ड पनि हेटौंडामै थिए । तर, कोइराला र प्रचण्ड फरक-फरक कार्यक्रममा सहभागी हुन यहाँ आएका थिए ।

कोइराला ११० औं बीपी जयन्तीको सन्दर्भमा हेटौंडा-११ स्थित नवलपुरमा बीपीको शालिक अनावरण गर्न आइपुगेका थिए । प्रचण्ड पनि आइतकार हेटौंडामा आयोजित बागमती प्रदेशस्तरीय समाजवादी मोर्चाको सन्देशसभालाई सम्बोधन गर्न यहाँ आएका हुन् । प्रचण्डले सरकार सञ्चालनमा दबाब सिर्जना भइरहेको बताइरहँदा कोइरालाले कांग्रेस नेतृत्वको सरकार गठनका लागि सार्वजनिक रुपमै बोलेका थिए ।



नेता कोइरालाले कांग्रेसको नेतृत्वमा सरकार निर्माण हुँदा मात्र देशमा लोकतन्त्र र राष्ट्रियता बलियो हुने दाबी गरे । उनले प्रधानमन्त्री दाहाल अराजक हुँदै गएको आरोपसमेत लगाए । 'देशमा द्वन्द्व गराउने र द्वन्द्व निम्त्याउने प्रयास भइरहेकाले प्रधानमन्त्रीको अभिव्यक्तिले देशलाई अप्ठ्यारो पारिरहेको छ ।', वरिष्ठ नेता काइरालाले कांग्रेसकै समर्थनमा निर्माण भएको हालका सरकार परिवर्तन गर्ने वा नगर्ने विषयमा पार्टीभित्र छलफल हुने बताए । 'हामी देशकै ठूलो दल हौं । हाम्रो ९० सिट छ । यो सबै विषयलाई विचार गरेर अगाडि बढ्छौं ।', उनले भने ।

हालकै अवस्थामा सरकार सञ्चालन भएको खण्डमा देश अप्ठ्यारो स्थितमा पुग्ने कोइरालाको दाबी थियो । उनले कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाकै नेतृत्वमा सरकार गठन हुनुपर्ने बताए । प्रधानमन्त्रीकै कारण धरान घटना भएको उनको टिप्पणी थियो । 'प्रधानमन्त्रीज्यूले आदिवासी जनजातिको कार्यक्रममा हामीलाई भोट दिनुस् हामी जातीय राज्य दिन्छौं भनेर भन्नुभयो । सुर्खेतमा गएर एक दुई महिनाभित्र डेढ दुईलाख जना मानिस सडकमा उताछौं भन्नुभयो', कोइरालाले सुनाए ।

'देशको प्रधानमन्त्रीले सडकमा मानिस उताछौं र जातीय राज्य बनाउँछौं भन्दै हिँड्दा धरानमा घटना घट्न पुगेको दोहोऱ्याए । 'धरानमा धार्मिक लडाइँ नभएर जातीय द्वन्द्व भयो ।', उनले भने । पार्टीभित्रको आन्तरिक समस्यालाई सामान्य रुपमा बुझनसमेत कार्यकर्तालाई कोइरालाले आग्रह गरे । कांग्रेस लोकतान्त्रिक पार्टी भएको र पार्टीभित्र असन्तुष्टि हुने भन्दै हरेक पार्टीभित्र समस्या आउने र यसलाई चिर्दै अगाडि बढ्नुपर्ने उनको भनाई थियो । नेपाली कांग्रेस नफुट्ने सुनाउँदै देशको अखण्डता र सार्वभौमसत्तालाई जोगाउने जिम्मेवारी कांग्रेसकै काँधमा आएको बताए ।

# उपभोक्ता समितिलाई अभिमूखीकरण


साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ मकवानपुरको मनहरी गाउँपालिका-५ वडा कार्यालयले वडाभित्र योजना तर्जुमा तथा कार्यान्वयनका लागि गठित उपभोक्ता समितिलाई एकदिने अभिमूखीकरण गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन हुने योजना सञ्चालनका लागि गठित योजना समितिका पदाधिकारीहरुको लागि कार्यक्रमको आयोजना गरिएको वडाअध्यक्ष दीपेन्द्र अधिकारीले बताए । वडाअध्यक्ष अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा योजना शाखाका प्रमुख राजेन्द्र चौलागाई, कार्यकारी प्रमुख मोहनकुमार श्रेष्ठ, लेखा शाखाप्रमुख राजेन्द्र भट्टराई र प्राविधिक टुकुराज चौधरीले अभिमूखीकरण गराएका थिए ।

वडामा १७ वटा योजना समिति निर्माण भएकोमा योजनाका पदाधिकारीहरु अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई अभिमूखीकरण गरिएको हो । तालिममा योजना कसरी सञ्चालन गर्ने ? विषयमा शाखागत प्रमुखहरुबाट अभिमूखीकरण गरिएको थियो । साथै कार्यकारी प्रमुख श्रेष्ठले समग्र योजनाको विषयमा सहजीकरण गरेका थिए ।



साझाकुरा

## हाम्रो कुरा

# दोष कस्को हो त ?

आजका आधुनिक विद्यार्थीहरु, कक्षामा अनुशासनमा बस्न चाहँदैनन् । आफ्ना गुरुहरुले अह्राएका कुरा शिरोधार्य गर्नै खोज्दैनन् अनि अध्ययनमा चाहिने लगाव, अभिरुचि र अथक परिश्रम यी आधुनिक विद्यार्थीमा देखिनै छाड्यो । कहिले एउटा विद्यार्थी चर्पीमा चुरोट तान्दै गरेको भेटिन्छ, अर्को विद्यार्थी मुखभरि गुट्खा ओइरो हालिरहेको भेटिन्छ । उसलाई अफिस कोठामा पुऱ्यायो र सोधपुछ गऱ्यो । उसका अभिभावक बोलाएर यथार्थ कुरा बेलिबिस्तार लगायो । सुरुमा आफ्नो बालबालिकामाथि अनावश्यक शंका/आरोप लगाएको भनी अभिभावक आवेगमा आउँछन् र यो कुरा पत्याउन तयार हुँदैनन् । तर, पछि आफूले पनि सत्य थाहा पाएपछि उनीहरुको जवाफ हुन्छ, 'हामीले सकेनौं, हामीले भनेकै मान्दैन, हामीलाई टेर्दैटेर्दैन, यसलाई कुटपिट जे गरेर हुन्छ सुधारिदिनु पऱ्यो सर/म्याडम' भनी बिन्ती बिसाउँछन् जतिबेला समय घर्किसकेको हुन्छ । फेरि अर्को दिन पनि त्यही बालक चुरोट तान्दै गर्दा पक्राउ पर्छ, शिक्षकले पनि अभिभावकले गरेको अनुरोध सम्झन्छन् र विद्यार्थीलाई सही बाटोमा ल्याउन सक्छु कि भन्ने ठान्छन् । केही सम्झाउने र केही गाली गर्छन्, २/४ थप्पड पनि लगाउँछन् ।

भोलिपल्ट त्यही बालकको अभिभावक दलबलसहित विद्यालय आएर हाम्रा बच्चालाई हान्ने मास्टर कुन हो ? को हो त्यो ? त्यसको ढाड सेकाउनु पऱ्यो भन्दै तुरुन्त उपचार तथा क्षतिपूर्ति भराउन बवाल मच्चाइन्छ । निरीह शिक्षक खुट्टाका औंलादेखि टाउकाको रौंसम्मको उपचारका नाउँमा क्षतिपूर्ति तिर्न बाध्य हुन्छ, उस्तै पर गाउँका ठुटे नेताको रोहवरमा अबदेखि विद्यार्थीलाई पिट्ने छैन भनी कागज बनाइन्छ । त्यसपछि त बालक बिन्दास चुरोट तान्दै हिंड्छ, कपाल ठाडो पार्छ, स्टेप कटिङ गर्छ । पाईन्ट चुज हुँदै जान्छ, चप्पल ठुला हुदै जान्छन, शरीरभरि टाटु हान्छ । अनि फेरि २/४ जना वि.व्य.स.का पदाधिकारीलगायत अभिभावकसमेतले भन्न थाल्छन्, 'हैन, यो स्कुलका मास्टर कस्ता हुन् हँ ? विद्यार्थीले खुलेआम चुरोट तान्या नदेख्ने, टाटु हान्या नदेख्ने, यहाँका मास्टरको केही काम छैन । 'स्कुल त पुरै बिग्रँदै गएको पो रहेछ । स्कुल अलि सुधार्नु पऱ्यो' भन्दै फुर्सदिला लक्का जवानहरु विद्यालयमा भएभरका बल लगाएर राजनीति सुरु गर्छन् । उस्तै परे वडामा भएका नेताहरु साथमा लिएर आउँछन् र राणाकालीन शैलीको भाषण पनि सुनाउँछन् । मानौं शिक्षक भनेका घरमा काम गर्न राखेका हली सरह नै हुन् । यिनीहरुको कुनै हैसियत नै छैन जस्तो पाराले ब्यवहार गरिन्छ । यसरी समय बित्दै जाँदा त्यो बालक घरबाट स्कुल जान्छु भनी निस्के पनि स्कुलमा पुग्दैन, जथाभावी डुल्छ, मनलाग्दी खान थाल्छ । कुनै दिन स्कुल पुगेछ भने पनि पढ्दैन, दिएका काम गर्दैन, भनेको टेर्दा पनि टेर्दैन । मोबाइल ल्याउँछ टिकटक बनाउँछ । उ एउटा बोरामा रहेको कुहिएको आलु सरह हुन्छ, उसको संगतले अरु विद्यार्थी नि गलत बाटोमा लाग्न थाल्छन् । फलस्वरुप शैक्षिक गुणस्तर दिनानुदिन खस्किँदै जान्छ । अब भन्नुस शैक्षिक गुणस्तर खस्कनुमा के शिक्षक मात्रै नै दोषि छन् त ? हेटौंडा नगरसँग सीमाना जोडिएको एउटा गाउँको माध्यमिक विद्यालयमा कक्षा ४ मा पढ्ने चेपाङ समुदायका अभिभावकले आफ्नो छोरीले पढ्ने किताव, लेख्ने कपी सबै पानी परिरहेको समयमा बारीमा मिल्काइ दिएछन् । बारीमा कपी किताव मिल्काएको देख्ने छिमेकीले विद्यालयमा गुनासो गरे ।

विद्यालयले टोलविकास समिति, गैसस सहित ति अभिभावकलाई छलफलका लागि भनेर विद्यालयमा बोलायो । विद्यालयमा अध्ययन गरिरहेकी बालिकालाई पनि छलफलका लागि बोलाइयो र सोधपुच गरियो । किताव पानी परिरहेको समयमा बारीमा फ्याँक्ने अभिभावकलाई विद्यालयले सम्झाउने भन्दा बाहेक केही गर्न सकेन । साथमा टोल विकास समितिका अध्यक्ष, गैससका प्रतिनिधिले अभिभवाकलाई आइन्दा बालबालिकाले पढ्ने किताव पानीमा फालेको भेटिएमा प्रहरी बोलाएर थुन्ने चेतावनी दिएर छोडियो । ति अभिभावकको ४/४ वर्षको अन्तरालमा ४ वटा बालबालिका जन्मेका रहेछन् । पहिलो र दोस्रोले बालश्रम गरेर कमाउन थालेछन् । ४ कक्षामा पढ्ने बालिकाले चाहिं श्रम गर्न नमानेपछि कपीकिताव पानीमा फ्याक्ने काम गरेका रहेछन् । बालश्रम गरेर भएपनि महिनामा २/३ हजार रुपैयाँ घरमा पठाएकोमा अभिभावक खुशी बनेका छन् । आफ्ना बालबालिकालाई पढाउनुपर्छ भन्ने मान्यता उनीसँग पटक्कै छैन । अब भन्नुहोस् यस्ता अभिभावकको बाहुल्यता भएको विद्यालयमा शिक्षक कति दोषि छन् ? पछिल्लो समय स्थानीय सरकारले शिक्षकलाई पेल्ने नीति लिएको भन्दै शिक्षकहरु रुष्ट बन्न पुगेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २६ गते मंगलबार १२ सेप्टेम्बर २०२३ । त्रयोदशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# माओवादी सच्चिने कि सक्किने ?



**भवानी बराल**

नेकपा (माओवादी केन्द्र) गएको भदौ १६ गतेदेखि सच्चिने अभियानमा लागेको छ । उसको यो अभियान आउँदो मङ्सिर २५ गतेसम्म चल्नेछ । प्रारम्भिक चरणमा माओवादीले अभियान, बैठक र सरसफाइबाट थालेको छ । 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' नामको 'थिम' लिएर गएको छ । सँगसँगै 'जनजनमा माओवादी घरघरमा माओवादी' नारा तय गरेको छ । माओवादीको अभियानको यो चरणपछिको कार्यक्रमिक रूपरेखा आइसकेको छैन । तर कार्यक्रम देशव्यापी गर्दा पनि मुख्य सञ्चार माध्यममा माओवादीको यो प्रकारको उपस्थितिले समाचारीय मूल्य पाउन भने सकेको हैन । माओवादी कार्यकर्ताहरू बढार-कुँढार त गर्दै छन् । उनीहरूको यो देशव्यापी प्रारम्भिक अभियान सामाजिक सञ्जाल अन्तर्गतको 'मुहार पुस्तिका'मा आफैँले खिचेर पोस्ट्याएको स्वार्थी (सेल्फी) फोटोले जेनतेन जानकारी दिएको छ । युट्युब तथा अन्य माध्यममा पनि झिनो उपस्थिति मात्रै छ ।

माओवादी, सत्तारूढ दल हो । सत्तारूढ दलको साङ्गठनिक सक्रियता भएकै हुन्छ । सत्ताभन्दा बाहिर रहेका राजनीतिक दलको दैनिक क्रियाकलाप पनि हुन्छ भने सत्तारूढको बढी नै हुनु अस्वाभाविक हुन्न । जनवर्गीय तथा शुभेच्छुक सङ्गठनमार्फत दैनिक क्रियाकलाप पनि भएकै हुन्छ । कुनै विशेष घटना, निर्वाचन वा विकसित राजनीतिक परिस्थितिमा जनसभा, ऱ्याली वा अभियान गर्नु बेग्लै कुरा हो । तर माओवादीले यतिखेर नै यो अभियान गर्नु पछिको अन्तर्य के होला ? पार्टी सङ्गठनमा कुनै भवितव्य आइलागेको पनि छैन । केन्द्रीयदेखि सबै कमिटीको बैठक पनि भइरहेका छन् । केन्द्रीय कमिटी बैठकले ४०९ जनाको जम्बो केन्द्रीय कमिटी विस्तार गरेर पार्टी एकमना बनाएको छ । असन्तुष्टहरूलाई बिलो लगाएर केन्द्रीय कमिटीको विस्तार पूर्ण बनाएको छ । राजनीतिमा प्रतिगामी परिदृश्यको संकेत पनि छैन । सत्ता गठबन्धन तलबित्तल होला भन्ने पञ्चाङ्ग योग पनि राजनीतिक ज्योतिषले बताएका हैनन् । फेरि पनि तीन महिना घरदैलोमा जाने अभियानको थालनी गरेको छ । राजनीतिका पारखीहरूले पर्यवेक्षण गर्ने विषय यही हो ।

### फिनिक्स र नार्सिससको जीवन चक्र

हामी निक्कै बिग्रियौं । हामी सच्चिने कि सिद्धिने ? हामी सुनि कि सिद्धिने ? हामी नसुनि हो भने सिद्धिन्छौं ? माओवादी नेताको यो थेगो नै हो । माओवादी सुप्रिमोदेखि कनिष्ठ नेताहरूको मुखाग्र थेगो हो । को बिग्रियो ? किन बिग्रियो ? नेता बिग्रे कि कार्यकर्ता ? उपल्लो कोटीका नेता बिग्रे कि तल्ला कमिटीका नेता बिग्रे ? उपल्लो कमिटीदेखि तल्लो कमिटीसम्म बिग्रेकाहरूको फेहरिस्त खोइ ? बिग्रनुको परिवेश र बिग्रेकाको मापदण्डको खुट खबर छैन । एमालेमा गएका रामबहादुर थापा, टोपबहादुर रायामाझी, लेखनाथ भट्ट, मणि थापालगायतकाहरू बिग्रेका हुन् भने उनीहरूले पार्टी छोडिसके चिन्ता लिनु पर्दैन ।

अझै पार्टीमा बाँकी छन भने बिग्रेकाहरू को हुन ? चुनाव जितेर आएकाहरू बिग्रेका हुन् या हार्नेहरू बिग्रे ? घरीघरी मन्त्री, अवसर पाउनेहरू बिग्रेका हुन् या मन्त्री नपाउनेहरू बिग्रे ? कोही त बिग्रियो । बिग्रेकालाई सपार्नुपर्छ वा मिल्काउनुपर्छ । एक बोरा आलुमा एउटा आलु मात्र कुहिएको छ भने सबै आलु कुहाउँछ भन्ने कहावत नै छ । जम्बो केन्द्रीय समितिमा कति बिग्रेका छन् ? प्रदेशसहित पालिकासम्मका बिग्रेका नेताहरू को हुन् ? बिग्रेकाहरू सप्रिने सम्भावनाका कति छ ? तीनमहिने यो अभियानले माओवादीलाई सुधार्छ ? या त्यसपछि हुने विधान अधिवेशन र विशेष महाधिवेशनले सुधार्छ वा सच्याउँछ ? यस्ता जटिल मनोवैज्ञानिक प्रश्नहरूको चोटिलो उत्तर आउनु पर्छ ।

युनानी पौराणिक कथाअनुसार नार्सिससलाई इकोले प्रेम नगरे 'सिद्धिने श्राप' दिएको कथा यहाँ पनि आकर्षित हुन्छ । 'इको' ले राखेको प्रेम प्रस्ताव 'नार्सिसस' ले खारेज गरिदिँदा इकोले दिएको श्रापअनुसार नार्सिसस आफ्नै अनुहारको छायाको प्रेममा पागल भएर मर्छन् । मनोविश्लेषक सिग्मन्ड फ्रायडले आत्मरतिमा रमाउँदै अहंकारी बन्ने प्रक्रियालाई 'नार्सिस्जम' र यस्तो अनुसरण गर्नेलाई 'नार्सिस्ट' भनेर व्याख्या गरेका छन् । कतिपय माओवादी नेताहरूमा नार्सिस्ट प्रवृत्ति छ । जनताको प्रेम प्रस्तावलाई रत्तिभर गणना नगर्दा माओवादी नार्सिस्जमको नियतिमा पुग्ने त्यत्तिकै सम्भावना छ ।

अर्को युनानी मिथकअनुसार नै 'फिनिक्स' चराको जीवनचर्या पनि यहाँ चर्चा गर्नु वाञ्छनीय हुन्छ । फिनिक्सको उमेर पुगेपछि उसको शरीरमा आगो लाग्छ र त्यही खरानीबाट फिनिक्सले फेरि पुनर्जीवन पाउँछ । खरानीबाट अर्को जन्म पाउने अमर चरोको नयाँ जन्म कथाको सार हो । माओवादीले पनि नार्सिस हुने कि फिनिक्स हुने कुराले उसको जीवन निश्चित गर्छ । सिद्धिने कि सच्चिने, सक्किने कि सच्चिने कथाको सार हो । 'जनजनमा माओवादी घरघरमा माओवादी' नाराको औचित्य यहींनेर आएर कसी लाग्छ ।

### माओवादी "युवराजहरू"

माओवादीको अभियान चलिरहँदा माओवादीका एकसे बढ्कर एक युवराजका चर्तिकला पनि सतहमा आएका छन् । युवराजहरूको उदण्डताको प्रश्नको नैतिक जवाफ नआउँदा अभियानमा खुसुर फुसुर हुने विषय नै यही छ । सच्चिने कि सक्किने सूत्रको जवाफ युवराजहरूको क्रियाकलाप नै दिइसकेको धारणा व्यङ्ग्यपूर्ण अभिव्यक्ति जनताबाट आउने गरेका छन् । आलोचना आत्मआलोचना त माओवादीको विधिमा परेकै होइन । माओवादी अनुशासनका तीन-आठ नियम यतिखेर भर्सेलामा परिसकेका छन् । एकता-आलोचना-एकताबिना रूपान्तरण सम्भव हुन्न । तर यहाँ त अपराध कर्मलाई पनि अदेखा गरिएको छ ।

माओवादीमा युवराज, युवराज्ञी, शाहज्यादा र शाहाज्यादीहरूको ज्यादतीलाई नरोके महाराज र महारानीको भ्रूण यहींबाट रहन थाल्छ । रूपान्तरण त आकाशको फल आँखा तरी मर भने जस्तै हुनेछ । जनतालाई प्रश्न गर्न खुला नगरेसम्म र आलोचना सहन गर्ने क्षमता र विवेक ग्रहण नगरेसम्म परिणाम आउने पनि छैन । भन्नलाई माओवादी आफ्नो टाउकोमा आफैं आगो लगाउनेसम्मको तर्क गर्छन् । तर माओवादी कति नेतामा जनताको प्रश्न सुन्ने धैर्यता छ ? कति नेतामा कार्यकर्ताको आलोचना सुन्ने क्षमता छ ? यो अभियानमा माओवादी पङ्क्तिको वाक्य फुट्नु पर्छ । यी तर्कको नियति पनि यसै अभियान पछि थाहा लाग्नेछ ।

### हेमोफ्रोडाइटको प्रसङ्ग

सुन तस्करी, ललिता निवास, नक्कली भुटानी शरणार्थीलगायतका भ्रष्टाचारका मुद्दा प्रकरणमा माओवादी नेतृत्वको सरकारलाई जनपक्षीय समर्थन प्राप्त भएको छ । तर यी काण्डहरू यथार्थ निष्कर्षमा नपुग्दासम्म यो ट्रेलर मात्र हो । यथार्थ निष्कर्षसहितको किनारा लाग्दा मात्र यसको हैसियत प्रस्ट हुन्छ । अर्को भ्रष्टाचारका यी मुद्दाहरू अस्थायी प्रकारका विषय हुन् । अस्थायी मुद्दाले राष्ट्रिय समस्याको स्थायी बन्ध्याकरण गर्न सक्तैन । दीर्घकालीन लोकहित अस्थायी डेलिभरीले स्थायी समाधान गर्दैन । फेरि पनि यहाँ मुलुकको दर्गदिशाको प्रस्थान विन्दु योजनाबद्ध लोकहितकारी वैचारिकीले निर्दिष्ट गर्नेछ । नत्र हिन्दु पौराणिक कथाअनुसार 'अर्ध-नारीश्वर' जस्तो लिङ्ग नछुट्टिएको जीव जस्तो हुनेछ । ग्रिक पौराणिक मिथक अनुसार पनि यस्तो अर्ध-नारीश्वर शरीरलाई 'हेमोफ्रोडाइट' मानव भनेर नाम दिइएको छ । चलनचल्तीका भाकामा 'हेमोफ्रोडाइट' लाई दुई लिङ्गी प्राणी भनिएको छ । यसर्थ राजनीतिक दलको भाका लिङ्ग छुट्टिएको हुनु पर्छ ।

### रहलपहल

सन् २०११ मा भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादीको नराम्रो पराजयपछि उसले 'जाग, एक होउ र हराउ' नारा ल्यायो । कार्यक्रम बेगरका यस्ता नारा नारामा सीमित हुने नै थियो । यसैले त्यसपछि पश्चिम बङ्गाल र त्रिपुरामा झनै नराम्रो पराजय भयो । कुनै समयमा भारतको राष्ट्रिय एवं प्रमुख प्रतिपक्षी र तीन प्रान्त पश्चिम बङ्गाल, त्रिपुरा र केरलामा सरकार चलाएको पार्टी लोक सभामा यतिबेला तीन सिटमा सीमित छ । यसर्थ नारा र अभिभारामा तालमेल भएन भने यस्तै नियति दोहरिन सक्छ । माओवादी नेतृत्वलाई यी कुरा पच्न सक्छ सक्तैन ? तर भारतीय कम्युनिस्टको पराजयको अन्तरङ्ग घैंटामा लाग्नुपर्छ । सुशासन, समृद्धि र समाजवादको योजनाको नेतृत्व गर्ने दलको कार्यक्रमिक रूपरेखाको दिग्दर्शन जनतामा अनुमोदन हुन जरुरी छ । *(साभार: रातोपाटी)*

# युवा विदेश पलायन र बीपीको समाजवाद

**कृष्ण खनाल**

नेपालका युवाहरू विदेश पलायन हुने लर्को झनै बढ्दो छ । पढेलेखेका युवा उच्च शिक्षाका लागि भनेर अमेरिका, अस्ट्रेलिया ताक्छन् ।

ग्रामीण युवा रोजगारीका लागि अरबका खाडी मुलुक र मलेसिया, दक्षिण कोरिया पुग्छन् । गत आर्थिक वर्ष मात्रै यसरी बिदेसिनेको संख्या झन्डै ८ लाख पुगेको छ । तीमध्ये कतिपय मानव तस्करीको जालोमा फस्छन् र जीउधन दुवै गुमाउँछन् । अर्कोतर्फ, देशभित्र युवाशक्तिको अभाव

बढ्दो छ । गाउँका गाउँ रित्तिएका छन् । गाउँमा विकसित हुँदै गएका कृषि सहकारी, पशुपालन, तरकारी खेती लगायत कृषि व्यवसाय संकटग्रस्त हुन थालेका छन् । विदेशी मुद्रा शोधनान्तर स्थिति धान्ने ठूलो स्रोत सिद्ध भएको वैदेशिक रोजगारी अब निकै नाजुक राष्ट्रिय समस्या बन्न पुगेको छ । युवाहरूको विदेश आकर्षण पूरै रोक्न सम्भव छैन, तर बेरोगारीका लागि बिदेसिने युवालाई स्वदेशमै उपयोग गर्न सकिन्छ, यदि ग्रामीण कृषि व्यवसायलाई बढी उद्यमशील बनाउन राज्यको ध्यान जाने हो भने । बीपी कोइरालाले परिकल्पना गरेको समाजवादको सन्दर्भ यहाँ देखिन्छ ।

गत साता म नेपाल भ्रमणमा आएका एक जापानी प्राध्यापकसँग कुरा गर्दै थिएँ । उनले नेपालको संविधान देखाउँदै मलाई सोधे, 'नेपाल समाजवादी राज्य रहेछ । मेरो यो बुझाइ ठीक हो ?' संविधानले नेपाललाई 'समाजवाद-उन्मुख' राज्य भनेको छ । संविधान पल्टाएर हेर्ने हो भने मौलिक हक अन्तर्गत महिला, दलितसहित विभिन्न सीमान्तीकृत समुदायका लागि गरिएका विशेष व्यवस्था, शिक्षा, स्वास्थ्य, आवासको हकह भूमिको उत्पादकत्व वृद्धि एवं कृषिको आधुनिकीकरणह सार्वजनिक हितका लागि व्यक्तिको सम्पत्ति नियमन तथा अधिग्रहण र भाग-४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वजस्ता पक्षले नेपालमा समाजवादी राज्यव्यवस्था छ भन्ने धारणा दिन्छन् ।

म निकै अलमलमा परें । संविधान र राजनीतिक सतहका कुरालाई मैले होइन भन्न सक्दिनथें । त्यसमाथि माओवादी पार्टीका नेता प्रधानमन्त्री छन् । सरकारमा कम्युनिस्ट र समाजवादी नाम जोडिएका पार्टीहरू छन् । नेपाली कांग्रेसको सैद्धान्तिक आवरण पनि समाजवादी नै हो । संविधानमा लेखिएका यी समाजवादी प्रावधान र प्रतिबद्धता लागू गर्न खासै कठिन नहुनुपर्ने । यो काम हामीले अपनाएको लोकतान्त्रिक मान्यताभित्रै सम्भव छ । मैले उनलाई भनें, 'संविधान पढेर र सतहको राजनीतिलाई हेरेर तपाईंले बनाएको धारणा गलत होइन, ठीकै हो । तर, राजनीतिमा देखाउने र भनिने सबै कुरा सत्य हुँदैनन् । नेपाल समाजवादी राज्य होइन, समाजवाद-उन्मुख छ पनि भन्न सकिन्न ।' उनीबाट बिदा भएर हिँडे पनि उनका कुराले मलाई यस विषयमा घोत्लिन बाध्य बनायो ।

एउटा समय थियो, युवाहरूलाई कांग्रेसको समाजवाद र कम्युनिस्टको सर्वहारावादले राजनीतिमा आकर्षित गर्थ्यो । आजका युवालाई कांग्रेस वा कम्युनिस्टका यी कुराले आकर्षित गर्छन् भन्न सकिन्न । गत वर्ष सम्पन्न आम चुनाव र यसै वर्ष वैशाखमा भएको उपनिर्वाचनले यसको पुष्टि गर्छन् । समाजवाद आफैं पनि प्रचलन लोप हुँदै गएको राजनीतिक पदावली भएको छ । मतदाताले पनि ती पुराना कुरालाई मात्र हेर्ने भन्ने हुँदैन । आफू र मुलुकले दैनन्दिन भोगेका समस्याका आधारमा राजनीतिक दल र नेतृत्वप्रति उनीहरूले धारणा बनाउँछन् ।

हालै मात्र प्रकाशित बीपी कोइरालाको चिन्तन र राजनीति सम्बन्धी पुस्तकमा मैले उनको समाजवादी विचारका बारेमा विस्तारमा विवेचना गरेको छु । समाजवादबारे बीपीको चिन्तन र वैचारिक साधना क्रान्तिको मैदान, सरकार वा जेल सबै अवस्थामा निरन्तर छ । बीपी जयन्तीको सन्दर्भ पारेर नेपाली कांग्रेसले यही भदौ २४-२६ तीन दिन बीपीको विचारमाथि बहुआयामिक विमर्श गर्दै छ, 'बीपी साहित्य महोत्सव' का रुपमा । यसका कार्यक्रम हेर्दा बीपीमाथि यति व्यापक छलफल र विचारविमर्श यसअघि कहिल्यै भएको थिएन । त्यहाँ समाजवादमाथि पनि विमर्श हुने नै छ । कांग्रेसले बीपीका विचारलाई नयाँ पुस्तामा पुनर्ताजगी गर्ने यो प्रयाश सान्दर्भिक पनि छ । समाजवाद कथित 'वाद' को घेरामा सीमित नारा होइन, यो त नीति र कार्यक्रम हो । समाजवाद नभनेरै पनि त्यसलाई लागू गर्न सकिन्छ ।

मैले यहाँ समाजवादका बारेमा सैद्धान्तिक बहस गर्न खोजेको छैन । बीपीको विचार र समाजवादसँग निकट सम्बन्ध राख्ने एउटा नीतिगत विषय ग्रामीण युवाको विदेश पलायनमा केन्द्रित हुन चाहन्छु । पञ्चायतको अन्तिम समयतिर खुलेको वैदेशिक रोजगारीलाई बहुदल आएपछि अझ बढी जोडतोडका साथ अघि बढाइयो । त्यतिखेरका मन्त्री, प्रधानमन्त्रीका भाषणलाई स्मरण गर्ने हो भने बढीभन्दा बढी युवालाई रोजगारीका लागि विदेश पठाउनु सरकारी उपलब्धिको मानक मानिन्थ्यो । तर अहिले यसका नकारात्मक परिणाम महसुस हुन थालेका छन् । परिवार भौतिक रूपमा मात्र होइन, मनोविज्ञानमा पनि विखण्डित भएका छन् । गाउँहरू युवाविहीन भइरहेका छन् । कृषि व्यवसाय महिला र उमेर ढल्कँदै गरेका पाका परिवारजनले सम्हाल्नुपर्ने अवस्था छ । युवाहरूको विदेश पलायनले कतिपय खेतबारी बाँझै देखिन थालेका छन् । विकास-निर्माणमा घरेलु कामदारको अभाव छ ।

बीपीको समाजवादको केन्द्रमा सधैं गाउँ र किसानको उदाहरण हुन्थ्यो । सफा र स्वावलम्बी गाउँ, अनि स्वस्थ्य, शिक्षित र सुखी ग्रामीण परिवारको परिकल्पना थियो उनको समाजवादमा । अब त्यो गाउँ कहाँ खोज्नेरु? नेताहरू 'स्मार्ट सिटी' र 'मोनो रेल' को सपना बाँड्छन् । छ लेनका चिल्ला सडकहरू विकासको मानक भएका छन् । युवाहरू गाउँबाट पलायन भएका छन् । कृषिसँग उनीहरूको सम्बन्ध टुटेको छ । विश्व बजारीकरणको प्रभाव र विस्तारले नेपाली जनजीवन पनि ग्रस्त छ । विदेशबाट आयातित विविध समानले भरिएका ठूला पसल (डिपार्टमेन्टल स्टोर) मा आकर्षण बढेको छ । यी सब परिप्रेक्ष्यमा वैदेशिक रोजगारीको निरन्तरता उत्पादक देशको बढी खाँचो हो भने हाम्रो बाध्यता ।

बीपी विकासको ठूला संरचनाको विपक्षमा थिए । आफ्नो आवश्यकता र औकातभन्दा ठूला विकासको कुरा उनले गरेनन् । उनको समयमा आजजस्तो विश्व बजारीकरण भइसकेको थिएन, तर उनले विश्वमा भइरहेको विकास र त्यसको प्रकृति नदेखेका, नजानेका थिएनन् । युरोप, अमेरिकाको विकासलाई उनले कहिल्यै नमुना मानेनन् । चर्चित 'सिंगापुर मोडल' मा उनको विश्वास थिएन । भोगवादी प्रवृत्ति बढाउने भनेर उनले त्यसको सधैं आलोचना गरे । उनी भन्थे, 'म त्यस प्रकारको सम्पन्नताको प्रवेश हुन दिन्नँ । म ठूला होटलहरू बनाउन दिन्नँ । म तिनका विरुद्ध छु, किनभने तिनले युवाहरूको मनलाई भ्रष्ट पार्दछन् । त्यसबाट हुन जाने राष्ट्रिय क्षतिको जुन मूल्य छ, त्यसको विचार गर्नुपरेको छ ।'

पछिल्ला दिन (२०३५-३८ साल) ताका बीपीका अन्तर्वार्ताहरूमा विकासको स्थूल रूप अर्थात् ठूला सडक, ठूला हवाईजहाज, हवाई मैदान, ठूला भवन, ठूला उद्योग-मेसिनप्रति व्यापक असहमति अभिव्यक्त हुन्थ्यो । विकास र आधुनिक सुविधाबाट वञ्चित हामीलाई यी कुरा त्यति प्रिय लाग्दैनथे । अहिले कतिलाई यी कुरा आदिम युगको एउटा पागल बूढाको फतफतजस्तो लाग्छ होला । तर बीपीमा विकासको नाउँमा मान्छेको विस्थापन र प्रकृतिको अत्यधिक दोहनप्रतिको संवेदनशीलता र सचेतना थियो । विकासको यो बीभत्स रूपबाट आज युरोप आफैं तर्सिराखेको छ । तातिँदै गएको पृथ्वी र जलवायु परिवर्तनको प्रकोप विश्वव्यापी रूपमा बढिरहेको छ । म साँझपख प्राय: दिनहुँ युरोन्युज हेर्छु, त्यो च्यानलले सधैं जलवायु परिवर्तनको प्रकोपका दुष्परिणामलाई प्रमुख समाचार बनाएको पाउँछु ।

अहिले नेपालमै पनि जुन विकास भएको छ त्यसले जीवनलाई सजिलो त पक्कै बनाएको छ, तर हामीलाई आफ्नै माटोबाट अलग गर्न थालेको पनि छ । प्रकृतिसँगको संस्कृति र सम्बन्ध उच्छेदन भइरहेको छ, विस्थापित शरणार्थीको जस्तो । विकासको नाउँमा जे उपलब्ध छ, त्यसमाथि उसको नियन्त्रण छैन, त्यो उसको उत्पादन पनि होइन । ऊ केवल उपभोक्ता मात्र हो । तर ऊ दिन-प्रतिदिन त्यसैप्रति आश्रित र निर्भर हुँदै गएको छ । बजारमा हामीले हरेक दिन किन्ने र विनिमेय वस्तुको उत्पादन, व्यवस्थापनमा हाम्रो भूमिका र सहभागिता शून्य छ । हाम्रो हैसियत कुल्ली बराबरको पनि छैन । हाम्रो अवस्था 'पाउन्जेल खाऊँ' भन्नुबाहेक केही छैन । बाहिरी आयातमा निर्भर हाम्रो जीवन कति जोखिमपूर्ण छ भन्ने तथ्य झन्झन् टड्कारो हुँदै छ । सानै भए पनि हाम्रो आफ्नो कृषि र औद्योगिक उत्पादन हुन्थ्यो त स्थिति यति विधि भयावह हुने थिएन ।

बीपीले गाउँको जे परिकल्पना गरेका थिए, ठ्याक्कै त्यही हुनुपर्छ भन्ने होइन । यदि उद्देश्यको अन्तर्यमा पस्न सक्ने हो भने उनले भन्ने गरेको गाउँकेन्द्री समाजवादको महत्त्व अहिले पनि कम छैन, अरु बढेको छ । उजाडिँदै गएको गाउँलाई पुन: हराभरा बनाउन सकिन्छ । युवालाई स्वदेशमै राम्रो रोजगारी सृजना गर्न सकिन्छ । बीपीले देखाएको बाटो भनेर यो काम कांग्रेसले मात्रै गर्नुपर्छ भन्ने पनि होइन, कम्युनिस्ट लगायत जुनसुकै पार्टीले गरे हुन्छ ।

विदेशमा ऊर्जाशील युवाको निर्यात हाम्रो हितमा छैन, नेपाली युवाको हितमा छैन । वैदेशिक रोजगारीबाट आर्जित विदेशी मुद्रा सुविधाभोगी वर्गको मोजमस्तीको साधन भएको छ । रोजगारीमा जाने कसैले बजारमा सिमेन्टको एउटा घर ठड्याएको होला, तर उसको सामाजिक र पारिवारिक जीवन विशृंखलित भएको छ, भविष्य असुरक्षित भएको छ । बीपीले औंल्याएको राष्ट्रिय क्षति यहाँ प्रस्ट देख्न सकिन्छ । यस्तो दासत्वमुखी धन्दा तुरुन्तै बन्द गर्नुपर्छ र देशभित्रै विकल्प खोज्नुपर्छ । त्यो गाउँकेन्द्री समाजवादबाट सम्भव छ । यहाँ मैले गाउँ भनिरहँदा अत्यन्त विकट बस्तीको मात्र कुरा गरेको छैन, यसले सहरीकरण हुँदै गएका बस्ती र बजारलाई पनि बुझाउँछ । यसले हाम्रो आवश्यकता र बाह्य बजारको सम्भावना भएका जलविद्युत्, सिमेन्ट लगायतका उत्पादनलाई निषेध गर्दैन ।

गाउँ र कृषिलाई केन्द्रमा राखेर उचित योजना बनाउने र त्यसको इमानदार एवं राजनीतिक दृढतासाथ काम गर्ने हो भने नेपाललाई समुन्नत बनाउन धेरै समय लाग्दैन । कृषि भनेको सबैभन्दा कम समय र लगानीमा उत्पादन दिने व्यवसाय हो । त्यसमाथि अहिले त जमिनबिना पनि मनग्गे तरकारी र फलफूल खेती गर्न सकिने प्रविधिको विकास भइसकेको छ । बजार र भन्सार राजस्वमुखी अर्थतन्त्रले चिल्ला गाडीदेखि दैनिक उपभोग्य वस्तुको आयात र त्यसको बजार विस्तारमा सहयोग गर्छ, हाम्रो अर्थतन्त्रमा होइन । सरकारी ढुकुटीबाट तलब-भत्ता खानेको पक्षपोषण गर्दछ, नेपालका गाउँले किसानको होइन । समाजवाद कोरा आर्थिक सोच र नीति मात्र होइन, योसँग राजनीति अभिन्न रुपले जोडिएको छ ।

*(साभार: ई-कान्तिपुर)*

# सर्वोच्चमा न्यायाधीश नियुक्तिको तयारी, यसै साता सिफारिस हुने

काठमाडौं/ अदालतहरुमा ठूलो संख्यामा रिक्त न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढेको छ ।

प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ, कानुनमन्त्री धनराज गुरुङ, वरिष्ठतम न्यायाधीश ईश्वर प्रसाद खतिवडा र न्यायपरिषदका सदस्यहरु रामप्रसाद श्रेष्ठ र रामप्रसाद भण्डारीले नियुक्तिको गृहकार्यका लागि नियमित बैठक र छलफल गरिरहेका छन् ।

'हो, हामीले नियमित रुपमा गृहकार्य गरिरहेका छौं, सम्भवत: यो साताभित्रैमा नाम सिफारिस हुन्छ' कानुनमन्त्री एवं न्यायपरिषद्का सदस्य धनराज गुरुङले भने, 'अहिले के-कसरी सिफारिस गर्नेबारे खाकामा छलफल भइरहेको छ ।' पहिले सर्वोच्चका न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउने र त्यसपछि उच्च अदालतको टुंग्याउने परिषदको तयारी छ ।

न्यायपरिषदका सदस्य रामप्रसाद श्रेष्ठ भने सकेसम्म एकैपटक सबै तहमा नाम सिफारिस गर्ने योजना रहेको बताउँछन् । उनी भन्छन्, 'त्यसो नभए पहिले सर्वोच्च अदालतको सिफारिस गरेर उच्च अदालतको मुख्य न्यायाधीश र अरु न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढ्छ ।'

२१ जनाको दरबन्दी रहेको सर्वोच्च अदालतमा हाल १४ जना न्यायाधीश छन् । न्यायपरिषदले १० भदौमा विनोद शर्मालाई सर्वोच्चको न्यायाधीश सिफारिस गरे पनि अब ६ जना सिफारिस गर्नुपर्नेछ । न्यायपरिषद स्रोतका अनुसार, अहिलेसम्म पदाधिकारीहरुबीच छ मध्ये ३ जना कानुन व्यवसायीबाट र ३ जना उच्च अदालतका न्यायाधीशबाट सिफारिस गर्ने समझदारी बनेको छ ।

'प्रमुख तीन दलको सिफारिस वा समर्थनमा कानुन व्यवसायीहरुको कोटाबाट ३ जना जाने अवस्था छ', न्यायपरिषद स्रोतले भन्यो, 'परिषदका केही सदस्यहरुले प्रमुख दलहरुको समर्थन रहनेहरुको सूची प्राप्त भए तीमध्ये योग्यतम छान्नुपर्छ भनेका छन् ।'

त्यसो हुँदा प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले






र नेकपा माओवादी केन्द्र नजिकका एक एक जना कानुन व्यवसायी सर्वोच्चको न्यायाधीश सिफारिस हुनेछन् । बहालवाला महान्यायाधिवक्ता सहित दलनिकटका ६ जनाभन्दा बढी कानुन व्यवसायी न्यायाधीश सिफारिस हुने चर्चा कानुन व्यवसायी वृत्तमा छ ।

अहिले उच्च अदालतका ७ मध्ये ६ जना मुख्यन्यायाधीश पद रिक्त छ । उच्च अदालत दिपालयमा मात्रै मुख्यन्यायाधीश बहाल छन् भने बाँकी ६ उच्च अदालतमा कामू मुख्यन्यायाधीशले काम चलाइरहेका छन् ।

सर्वोच्च अदालतमा खाली भएका ६ मध्ये ३ जना उच्च अदालतका बहालवाला न्यायाधीश सिफारिस गर्नेगरी खाका बनेको न्यायपरिषदका सदस्य श्रेष्ठले बताए । उच्च अदालतमा बहालवाला न्यायाधीशमध्ये मुख्यन्यायाधीश, कामुको जिम्मेवारी पाएका, महिला र सीमान्तकृत समूदायबाट छनोट गरी सिफारिस गर्ने सम्भावना रहेको परिषदका अर्का सदस्यले बताए ।

सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हा ६५ वर्षे उमेरहदका कारण आगामी कात्तिक १२ गते अवकाश हुदैछन् । अवकाश हुनुभन्दा एक महिनाअघि रिक्त पदमा नाम सिफारिस गर्नुपर्ने भएकाले आगामी १२ असोजपछि सर्वोच्च अदालतमा थप एक न्यायाधीशले अवसर पाउछन् ।

स्रोतले भन्यो, 'अहिले ६ जनाको सिफारिसमा पर्ने सम्भावना नभएको र व्यवस्थापन गर्नुपर्ने व्यक्तिको त्यतिबेला सिफारिस हुनसक्छ ।' न्यायपरिषद ऐन, २०७३ मा सर्वोच्च अदालतमा रिक्त हुनुभन्दा एक महिनाअघि नयाँ न्यायाधीश सिफारिस हुनुपर्ने व्यवस्था छ । ऐनको दफा (४)मा भनिएको छ, 'न्यायपरिषदले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्नेछ ।' अन्य कारणबाट न्यायाधीश रिक्त भएमा एक महिनाभित्र सिफारिस गर्नुपर्ने व्यवस्था पनि ऐनमा छ ।

१२ जेठ २०७८ मा न्यायाधीश पुरुषोत्तम भण्डारीले अवकाश पाएपछि सर्वोच्च अदालतमा एकपछि अर्को पद रिक्त भइरहेको छ, तर नयाँ नाम सिफारिस भएको छैन । १५ चैत २०७८ मा तिलप्रसाद श्रेष्ठको नियुक्तिपछि सर्वोच्चमा न्यायाधीश नियुक्ति हुन सकेको छैन । २ सय ८७ न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा भने लोकसेवा आयोगको व्यवस्थापनमा लिखित र अन्तर्वार्ताका आधारमा नियमित रुपमा न्यायाधीश नियुक्त भइरहेका छन् ।

न्यायपरिषदका प्रवक्ता मानबहादुर कार्कीका अनुसार, १६० जनाको दरबन्दी रहेको उच्च अदालतमा आइतबारसम्म ५६ पद रिक्त छ । केही महिनाअघि २७ जना न्यायाधीश रिक्त हुँदा न्यायपरिषदले ९१ जनाको सम्भावित सूची(रोष्टर) निकालेको थियो । रोष्टरमा रहेकामध्ये केही न्यायाधीश र न्याय सेवाका कर्मचारीहरु उमेरहदका कारण अवकाश भइसकेका छन् ।

न्यायपरिषदका सदस्य रामप्रसाद श्रेष्ठले त्यतिबेला तयार पारिएको रोष्टर र बाहिरबाट समेत गरी उच्च अदालतमा न्यायाधीश सिफारिस गरिने बताए । उनले भने, 'आवश्यकता अनुसार रोष्टर र मापदण्डमा परेकाहरुको नाम समावेश हुनसक्छ । योग्यता पुगेका र उपलब्धमध्ये योग्यतम न्यायाधीश छनोट गर्ने प्रयास हुनेछ ।'

न्यायपरिषद स्रोतका अनुसार, उच्च अदालतमा रिक्त ५६ मध्ये करिव २५ प्रतिशत हिस्सा कानुन व्यवसायीहरुबाट ल्याउने प्रारम्भिक खाका बनेको छ । त्यसो हुँदा करिव १४ जना कानुन व्यवसायीहरु मात्रै उच्च अदालतको न्यायाधीश बन्नेछन् ।

बाँकी ४२ पदमा जिल्ला अदालतका वरिष्ठतम न्यायाधीश, न्यायप्रशासन, सरकारी वकिल र कानून समूहका कर्मचारीहरुको सिफारिस गर्ने तयारी छ । परिषद स्रोतले भन्यो, 'लामो समय जिल्लामा बसेर पनि वृत्तिविकास भएन र बढोत्तरीको अवसर पाइएन भन्ने गुनासोको अधिकतम सम्बोधन हुनेछ ।'

### उमेरहद तोक्नेबारे छलफल

न्यायपरिषद सदस्य रामप्रसाद श्रेष्ठका अनुसार, सिफारिसबारे खाका र अनौपचारिक मापदण्ड बनाउने क्रममा सर्वोच्चमा ५५ र उच्च अदालतका लागि ५० वर्ष उमेर पुगेकाहरुलाई मात्रै ल्याउनेबारे छलफल भएको छ ।

कानुनमन्त्री गुरुङ खासगरी उच्च अदालतमा हुने सिफारिस हरुलाई लक्षित उमेरको न्यूनतम हदमा छलफल भएको बताउछन् । 'खासगरी 'उच्च अदालतमा ५० वर्षको सीमाबारे सोच्ने कि भन्ने कुरा भएको छ, परिपक्वता, व्यवस्थापन र अरु सन्तुलनका हिसाबले पनि यो जरुरी देखियो' उनी भन्छन्, 'यसबारे छलफल मात्रै भएको हो, निर्णय भइसकेको छैन ।'

न्यायपरिषदले यो नीति लिएमा सोझै सर्वोच्च अदालतमा नियुक्त हुन चाहने केही कानुन व्यवसायी प्रभावित हुनेछन् । अहिले सर्वोच्च अदालतमा ५५ वर्षभन्दा कम उमेरका ३ जना न्यायाधीश छन् । उनीहरुले अवसर पाएपछि अरुलाई निषेध गर्न खोजिएको भन्दै यो खाकामाथि प्रश्न उठेको छ । उच्च अदालतमा ५० वर्षको उमेरहद तोकिदा कम्तीमा पनि दुई दशक वकालत गरेका कानुन व्यवसायीहरुले मात्रै अवसर पाउनेछन् ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे पनि न्यायपरिषदको बैठकमा उमेर हदको मापदण्ड बनाउनेबारे छलफल भएको सूचना आफूले पाएको बताउछन् । तर कुनै लिखित निर्णय नगरी आन्तरिक सहमतिका आधारमा उच्च अदालतमा ५० कटेका र सर्वोच्चमा ५५ कटेका व्यक्तिहरुको मात्रै सिफारिस भयो भने विरोध र प्रतिवाद गर्न नसकिने उनी बताउँछन् ।

'कतिपय विषयमा आन्तरिक सहमति गरिन्छ । मौखिक रुपमा तय भएको मापदण्ड बाहिर ल्याइदैन । त्यस्तो अवस्थामा कसरी विरोध र प्रतिवाद गर्नु ?' उनी भन्छन्, 'संविधानले नै निषेध नगरेको विषयलाई मापदण्ड तोकेर लागू गर्न मिल्दैन । यसबारे औपचारिक निर्णय भएमा बारले प्रतिवाद गर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# भुवन केसीले जोगाउन नसकेको सिने-स्वायत्तता

काठमाडौं/सुटिङ, पोस्ट प्रोडक्सन लगायत निर्माणका सबै चरण पूरा गरिसकेपछि एउटै सिनेमाको नाम चार-चारपल्ट परिवर्तन अन्यत्र कतै सम्भव होला ?

तर त्यो नेपालमै भयो– भागवद् गीता ! भगवत् गीता ! एक भगवत् गीता ! चौथोपल्ट एक भगवत् र एक गीता (सामाजिक कथा) नामकरण गर्दै एउटा झमेलाको अस्थायी विराम भएको छ ।

निर्माता र निर्देशकलाई सिनेमाको नाम राख्न नआएर यस्तो भएको भने होइन । १३ हिन्दु धार्मिक समूहले शीर्षक र चरित्र चित्रणमा आपत्ति जनाइरहेका थिए । आइतबार बोर्डको मध्यस्थतामा ती धार्मिक संस्था र निर्माताले सहमति गरेका हुन् ।

खासमा यो विवादको विराम चलचित्र विकास बोर्डको अग्रसरतामा हुनुपर्ने । उल्टो भयो, अर्थात् सहमति जुटाउन निर्माता सुनिलकुमार थापाले बोर्ड अध्यक्ष भुवन केसी सामुन्ने आँसुको खोलै बगाउनुपर्‍यो । निर्देशक झरना थापाले पीडा पोख्दै मध्यरातमा स्टाटस लेख्नुपर्‍यो । यो सबथोकपछि फिल्म सेन्सर प्रक्रियामा अघि बढ्नेछ ।

अब यो फिल्मको नाम 'एक भगवत् र एक गीता (सामाजिक कथा)' तय छ । यो विवाद जसरी सहमतिमा टुंगियो यसले नेपाली फिलम वृत्तमा खराब नजीर बसालेको छ । कुल मिलाएर यो सिर्जनात्मक स्वतन्त्रतामाथिकै डर लाग्दो हस्तक्षेप हो ।

तालुकदार निकाय चलचित्र विकास बोर्ड र सेन्सर बोर्ड हुँदाहुँदै धार्मिक समूहको दबाबमा जसरी फिल्मको नाम बदल्न बाध्य पारियो, यसले राज्यले खडा गरेका आधिकारिक संस्था कमजोर हुँदैछन् भन्ने दर्शाउँछ । कानुनत: चलचित्र विकास बोर्डको काम फिल्मलाई निर्माण इजाजत र सेन्सर सिफारिस दिने हो । दृश्य काँटछाँट गर्नेदेखि प्रदर्शन अनुमति दिने काम सेन्सर बोर्डको हो ।

तर, विभिन्न धार्मिक समूह फिल्म रोक्नेतर्फ उद्यत देखिए । सिर्जनाका अनेक विधामा अभिव्यक्ति स्वतन्त्रता झाँगिने भए पनि सिनेमामा कैंची चलाउन लाग्दा थोरै मिहिनेतमा ठूलो चर्चा बटुल्न पाइन्छ भनेर दक्षिणी छिमेकी भारतमा खासगरी यस्ता गतिविधि हुने गर्छन् । नेपालमा पनि यस्तो प्रभाव सधैं गएको देखिन्छ ।

पक्कै, कुनै पनि फिल्म वा कलाको अर्को विधालाई लिएर प्रश्न र आलोचना गर्न पनि पाइन्छ । लोकतान्त्रिक संविधानले नागरिकलाई यस्तो अधिकार दिएको छ । जसअनुसार कुनै व्यक्ति, धर्म, समुदाय र सम्प्रदायलाई चित्त नबुझे कानुनी उपचारमा जान पाइन्छ । तर, प्रदर्शन हुनै दिन्न भन्नु सिर्जनात्मक स्वतन्त्रता विरुद्ध छ । यसमा चलचित्र विकास बोर्डको सबैभन्दा ठूलो कमजोरी छ, किनभने उसले आफ्नै स्वायत्त भूमिका खुम्च्याउँदै विभिन्न धार्मिक, सामाजिक समूहलाई कलाको मूल्यांकन गर्न छाडिदियो ।


त्यसले बोर्ड स्वयंले बसालेको यो नजीर भविष्यमा उसकै लागि चुनौतीपूर्ण हुने देखिन्छ । बोर्डको लाचारीपन र अध्यक्ष भुवन केसीको निरीहताको कारण सिर्जनात्मकताको स्वतन्त्रतामा अंकुश लाग्ने शैलीमा बोर्ड स्वयंले यो राजनीति घुसाएको छ जुन उसकै लागि प्रत्युत्पादक बन्नेछ ।

बोर्ड अध्यक्ष भुवन केसीले संयम अपनाउन आफूले सहमति गर्नुपरेको संक्षिप्त प्रतिक्रिया दिंदै तर्किए । कस्तो प्रकारको संयमका लागि आफूले कदम चाल्नुपर्‍यो भन्नेबारे चाहिं केही खुलाएनन् ।

बोर्डका प्रवक्ता केएल बुढाथोकीले भने, 'पछिल्लो समय देशमा धर्म र जातिको नाममा भड्काउने पक्ष सक्रिय भएको देखियो, त्यसैले यसलाई सामान्य अवस्थामा फर्काउँदै दुवै पक्षलाई सहमतिमा ल्याउन होल्ड गरेर राखेका हौं । बाहिर आए जस्तो हामीले सिनेमा नै रोकेको भने होइन ।'

बोर्डका तर्फबाट जेसुकै तर्क आएको भए पनि अध्यक्ष केसी 'क्रिएटिभ फ्रिडम'लाई संरक्षण गर्ने दायित्वबाट पूर्णत: चुकेका छन् । बोर्ड अध्यक्ष प्रशासनिक पद मात्र होइन, फिल्म सिर्जनालाई संरक्षण गर्ने दायित्व बोकेको संस्था पनि हो ।

अध्यक्ष केसीले तत्कालको फाइदाका लागि धार्मिक संस्थासँग





सिर्जनात्मक सम्झौता गरे पनि, यसले भविष्यमा आगामी फिल्मलाई चुनौती हुनेछ । अब फिल्म बनाउँदा बोर्डको होइन, यस्ता अमूक संस्थाको अनुमति लिनुपर्ने परिस्थिति आइलाग्न सक्छ । यसले सर्जकको अभिव्यक्ति स्वतन्त्रता झनै साँघुरिने डरलाग्दो परिस्थिति सिर्जना भएको छ ।

'एक भगवत् गीता'का निर्माता सुनिलले धार्मिक संस्थासँगको छलफलमा आक्रोशित हुँदै भनेका थिए– 'फिल्म बनाउने र चलाउने अनुमति पनि तपाईंहरूबाट लिनुपर्ने हो भने सरकारी संस्थाको आवश्यकता के ?'

उनको यो प्रश्नमा अध्यक्ष केसी मात्र होइन, धार्मिक संस्थाले पनि उचित जवाफ दिएनन् ।

उनीहरूको एउटै तर्क थियो- सनातन धर्ममा आँच आउने काम गर्न पाइँदैन ।' यति मात्र होइन, गुरुङ फिल्म एशोसिएसन (जिफान)ले समेत निर्मातालाई पत्र लेख्दै समुदायको चित्रणबारे स्पष्टीकरण माग्यो । संस्थाको विधानमा पूर्वजानकारी गराउनुपर्ने व्यवस्था र हेको उसको तर्क छ । कानुनले बोर्ड (विकास र सेन्सर)लाई अनुमति दिएपछि सामाजिक र धार्मिक संस्थाले सेन्सर गर्न खोजेको देखियो । जिफानको यो कार्य पनि पूर्णत: संविधान विपरित छ ।

भारत, अमेरिका लगायत फिल्म उद्योगमा भगवानमाथि फिल्म बनेका छन् । उनीहरूले कला मार्फत धर्म र भगवानलाई प्रश्न तेर्स्याएका छन् । सन् २०१२ मा रिलिज भएको अक्षयकुमार स्टारर हिन्दी फिल्म 'ओह माइ गड'ले भगवानमाथि मुद्दा हाल्ने पात्रको कथा पेश गर्छ । यो फिल्मको हालैको शृंखलाले पनि भगवानमाथि कटाक्ष गर्छ । खासमा भगवान भनेकै मानिसकै कलात्मक कल्पनाशीलताको उत्पादन त हो ।

हलिउडमा भगवान र धर्ममाथि प्रशस्तै फिल्म र सिरिज निर्माण भएका छन् । डग्मा, द एक्जोर्सिस्ट, द प्यासन अफ द क्रिस्ट, नोहा, सबमिसन, ब्याटलफिल्ड अर्थ, अंगुलीमाला, इनोसेन्स अफ मुस्लिम्स, द लास्ट टेम्पटेसन अफ क्रिस्ट यस्ता हलिउड र अन्तर्राष्ट्रिय फिल्म हुन् जुन विवादित भए । तर, सिर्जनात्मक स्वतन्त्रतामा आँच आउने काम विरोध गर्नेले गरेनन् । यी फिल्मको विवादलाई कानुनी प्रक्रियाबाट अघि बढाइयो ।

यहाँनेर दश वर्षअघिको सन्दर्भ प्रस्तुत गरौं जतिबेला 'लूट' फिल्म रिलिज भएपछि अश्लील डायलग र दृश्य प्रस्तुत गर्ने फिल्मको बाढी नै आयो । त्यतिबेला 'एटीएम' नामक फिल्मलाई त अश्लील भएपछि प्रतिबन्ध नै लगाइयो ।

मेकरले 'लूट'को क्राफ्ट र व्याकरण होइन कि संवाद र दृश्यबाट प्रभावित हुँदै यस्ता फिल्म बनाउन थाले । सेक्स कन्टेन्टका फिल्मको बाढी नै आउन थालेपछि त्यतिबेला बोर्डमा 'स्टोरी' हेर्नका लागि कमिटी नै गठन गरिएको थियो । जसको काम नै स्टोरी हेरेर फिल्मलाई निर्माण इजाजत दिनु थियो । तर, यो कार्यको व्यापक विरोध भएपछि बोर्ड पछि हट्नुपर्‍यो ।

भन्नुको अर्थ, नाम र कन्टेन्टमै आपत्ति छ भने बोर्डले निर्माण इजाजत नदिन सक्छ । तर, करोडौं लगानी भइसकेपछि सिर्जनात्मक स्वतन्त्रतामै अंकुश लगाउने गरी रोक्ने काम हुँदा निर्माता र स्वयं बोर्डलाई क्षति पुग्ने देखिन्छ ।

'एक भगवत् गीता' फिल्मको विवादमा अध्यक्ष भुवन केसी 'बोल्ड निर्णय' गर्न चुकेकै हुन् । सिंगो जीवन नै कलात्मक स्वतन्त्रताका लागि अर्पण गरेका अभिनेता समेत रहेका केसीबाट सिर्जनात्मकतामा सम्झौता हुने अपेक्षा कसैले गरेका थिएनन् । आगामी दिनमा आफ्नै निर्णयबाट उत्पन्न हुने असहज अवस्थाबाट उनी कसरी अघि बढ्छन् त्यो सोचनीय कुरा हो ।

फिल्म लेखक तथा समीक्षक यज्ञशले यो फिल्मको विवादमा आफ्नो कुरा मुखर ढंगले पेश गरे । उनी लेख्छन्, 'चरित्रको नाम कुनै ग्रन्थबाट लिएकै भरमा भावना आहत हुने, कुनै पात्र कुनै जाति, भूगोल वा भाषाको हुँदा सिंगो समुदायको अपमान हुने हो भने फिल्म बनाउनै बन्द गर्नुपर्‍यो । मानिसहरूले ग्रन्थ वा पुराणका पात्रबाट छोरा छोरीको नाम राख्न पनि बन्द गर्नुपर्‍यो । होइन भने कुनै धर्म, जाति वा समुदायलाई नै तोकेर लाञ्छित गरिएको बाहेक सिनेमाको चरित्रले व्यक्तिलाई प्रतिनिधित्व गर्छ, समुदायलाई होइन ।'

फेसबुकमा उनले लेखेका छन्- 'जसरी भ्रष्ट नेता वा पुलिस देखाउँदा सबै नेता र पुलिस नभई त्यो एउटा चरित्रलाई बुझिन्छ, त्यसैगरी समुदायको सन्दर्भमा पनि सिनेमाले व्यक्तिलाई प्रस्तुत गर्छ । हरेक समुदाय, धर्म वा क्षेत्रमा फरक-फरक मानिस छन्, तिनको स्वभाव फरक हुन्छ । कि कुनै धर्म समुदायमा सबै मान्छे राम्रा र अर्कोमा सबै नराम्रा हुन्छन् र ? त्यसैले सिनेमामा प्रश्न उठाउन र आलोचना गर्न पनि पाइन्छ ।'

अर्कोतर्फ, गुरुङ फिल्म एशोसिएसन (जिफान)ले समुदायको चित्रणबारे निर्मातालाई पत्र काटेपछि फिल्म वृत्त आक्रोशित सुनिएको छ । निर्देशक मनोजले को-कोबाट प्रमाणित गर्नुपर्ने हामीले भन्ने प्रश्न गर्दै फेसबुकमा लेखेका छन्- 'यसरी प्रमाणीकरण गर्नुपर्छ भन्ने बाध्यात्मक अवस्था नेपालको संविधान विपरित छ । सबै जात, धर्म, भाषा र आस्थाप्रति सम्मान छ र हामी चलचित्रकर्मी संवेदनशील छौं तर यसरी प्रमाणीकरणको नाउँमा नेपाली चलचित्रले भोग्नुपर्ने दबाब र सेन्सर सिपको विषयमा अत्यन्त गम्भीर हुनुपर्ने समय आएको छ ।'

आवरणमा पछिल्लो विवाद फिल्म निर्माण र धार्मिक संस्थाबीच मात्र जस्तो देखिन्छ । सारमा, अभिव्यक्ति र सिर्जनात्मक स्वतन्त्रता नरुचाउने अनुदार समूह र कलाबीचको लडाइँ हो यो । 'एक भगवत् गीता' प्रकरणले एकैसाथ धेरै कुराको पटाक्षेप गरिदिएको छ । एकातिर धर्मको नाममा समाज अनुदार हुँदै गएको देखिन्छ भने अर्कोतर्फ, कलात्मक स्वतन्त्रताको दायित्व बोकेर बसेका चलचित्र विकास बोर्ड, सेन्सर बोर्ड जस्ता निकायको क्षयीकरण र असफलता प्रष्ट देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# क्रिकेट खेलाडीलाई पुरस्कार दिन पैसा छैन भन्छ सरकार

काठमाडौं/सरकारले राष्ट्रिय क्रिकेट टिमका सदस्यलाई दिने घोषणा गरेको पुरस्कार १७ लाख रुपैयाँ पुगेको छ । पछिल्लो ७ महिनामा अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले पाएको सफलतापछि सरकारले क्रिकेट टिमका सदस्यलाई दिने घोषणा गरेको रकम थपिँदै १७ लाख पुगिसक्दा पनि खेलाडीले पाउन सकेका छैनन् ।

फेब्रुअरी र मार्चमा भएका आईसीसी वर्ल्ड कप लिग २ क्रिकेटका ३ वटा सिरिजको प्रति सिरिज ३ लाख रुपैयाँका दरले ९ लाख रुपैयाँ, प्रधानमन्त्रीले घोषणा गरेको थप २ लाख र नेपालले एसीसी प्रिमियर कप जित्दै एसिया कप क्रिकेटमा छनोट भएपछिको ६ लाख गरी कुल १७ लाख रुपैयाँ क्रिकेट खेलाडीले पाउन बाँकी छ ।

सरकारले घोषणा गरेको पुरस्कार नपाउनेमा सिनियर टिमका मात्र होइन, उमेर समूहका खेलाडीसमेत छन् । यू-१९ टिम गत फागुनमा २०२४ मा श्रीलंकामा हुने विश्वकपमा छनोट भएर फर्किएको थियो । त्यस्तै यू-१६ टिमले इस्ट जोन कप जितेर फर्किएको थियो । यी दुवै टिमका सदस्यलाई पनि सरकारले पुरस्कार घोषणा गरेको थियो ।

जसमा यू-१९ टिमका खेलाडीले सरकारबाट ३ लाख र क्यानबाट १ लाख गरी जनही ४ लाख पाउनुपर्ने हो । यू-१६ टिमका खेलाडीलाई जनही ५० हजार रुपैयाँ पुरस्कार दिने सरकारी घोषणा थियो ।

पुरस्कार रकम समयमै नपाउँदा उमेर समूहका खेलाडी निराश छन् । नाम नखुलाउने शर्तमा यू-१९ टिमका एक खेलाडीले भने, 'विश्वकपमा छनोट भएर आउँदा नगद पुरस्कार पनि पाइने भयो भनेर सुन्दा खुसी भएका थियौं, खै आजसम्म पाइएन, अब त के पाइएला र ?'

पुरस्कार रकम नपाएकाले बेला बेलामा राष्ट्रिय टिमका खेलाडीले कप्तान रोहित पौडेललाई हाम्रो पुरस्कारको रकम खोई भनेर सोध्ने गरेका छन् । एसिया कप खेलेर फर्किएका सोमपाल कामीले संचारकर्मीसँगको कुराकानीमा भनेका छन्, 'हामीले त रोहितलाई पुरस्कारको पैसा खोई भन्छौं ।'

टिमका साथीहरुले पुरस्कार रकम सोध्न थालेपछि कप्तान रोहितले पनि बेला बेलामा सञ्चार माध्यममा पुरस्कार रकम नपाएको गुनासो गर्छन् । खेलाडीले मात्रै पुरस्कार नपाएको गुनासो गरेका छैनन् । उनीहरुलाई घोषणा गरेको पुरस्कार छिटो दिइयोस् भनेर संसदमा पनि कुरा उठेको छ ।

एसिया कपमा नेपालले भारतसँग खेल्ने दिन संसदमै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाहीले खेलाडीले पुरस्कार रकम नपाएको कुरा उठाएका थिए ।

युवा तथा खेलकुद मन्त्रालयले खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि संशोधन गरेर खेलाडीहरुले पाउने पुरस्कारलाई पोहोर नै संस्थागत गरेको थियो । कार्यविधिमा खेलाडी, प्रशिक्षक र खेल संघले समेत सरकारबाट नगद पुरस्कार पाउने उल्लेख छ ।

कार्यविधिमा ओलम्पिक, एसियाली खेलकुद, दक्षिण एसियाली खेलकुददेखि सम्बन्धित खेलका अन्तर्राष्ट्रिय फेडेरेसनले गरेका प्रतियोगिता, विद्यालय खेलकुद, युथ ओलम्पिकलगायतका प्रतियोगितामा पदक विजेता खेलाडीले पाउने पुरस्कार रकम तोकिएको छ ।

कार्यविधि बनाएरै तोकेको र प्रधानमन्त्रीले घोषणा गरेको पुरस्कार दिन पैसा नभएको सरकारले बताउने गरेको छ । खेलकुद मन्त्रालयका प्रवक्ता कुमार प्रसाद दाहालले बजेट नभएकै कारण खेलाडीलाई पुरस्कार दिन नसकेको बताए । 'हामीसँग खेलाडीलाई पुरस्कार रकम वितरण गर्न पर्याप्त बजेट छैन', उनले अनलाइनखबरसँग भने ।

मन्त्रालयले कार्यविधि अनुसार खेलाडीलाई वितरण गर्ने पुरस्कार रकम अर्थमन्त्रालयसँग मागिसकेको छ । तर अर्थबाट रकम निकासा भएको छैन । 'हामीले व्यहोरा खुलाई अर्थमन्त्रालयमा रकम निकासाका लागि पत्र पठाइसकेका छौं', प्रवक्ता दाहालले भने, 'सायद अर्थ मन्त्रालयमा पनि बजेटको अभावका कारण रकम निकासामा ढिलाइ भएको होला ।'

अर्थमन्त्रालयबाट रकम निकासा हुनेबित्तिकै खेलाडीलाई दिने उनी बताउँछन् । खेलाडीलाई सरकारले घोषणा गरेको रकम दिलाउन नपाउँदा निकै असहजता महसुस गरिरहेको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'एक भगवत् गीता' विवाद : नयाँ शीर्षकमा सहमति जुट्यो



काठमाडौं/भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'एक भगवत् गीता'को शीर्षक परिवर्तन गर्ने सहमतिसँगै नामलाई लिएर उत्पन्न विवादले किनारा पाएको छ । आइतबार दिउँसो चलचित्र विकास बोर्डमा फिल्मकर्मी, फिल्मको टिम र हिन्दूवादी संस्थाका प्रतिनिधिहरुबीच भएको २ घण्टा लामो छलफलबाट फिल्मको नयाँ शीर्षक 'एक भागवत र एक गीता' (सामाजिक कथा) राख्ने सहमति जुटेको हो ।

हिन्दू धर्मग्रन्थ 'श्रीमद् भागवत गीता'को नाममा फिल्म बनाएको भन्दै हिन्दूवादी संस्थाहरुले आपत्ति जनाएका थिए । र, फिल्मको नाम परिवर्तनको माग राख्दै बोर्ड र सूचना मन्त्रालयमा निवेदन समेत बुझाएका थिए । यसपछि बोर्डले दुई पक्षबीचको विवाद मिलाउन तत्काललाई फिल्मको सेन्सर सिफारिस रोकेको थियो । विवाद मिलेसँगै आइतबार नै फिल्मले सेन्सर सिफारिस पाउने भएको छ ।

फिल्मको नयाँ शीर्षक निर्देशक दीपेन्द्र के. खनालले जुराएका हुन् । नामलाई लिएर सहमति जुट्न नसकिरहँदा उनले 'एक भागवत् एक गीता' शीर्षक सिफारिस गरेका थिए । त्यसमा हिन्दूवादी संस्थाका प्रतिनिधिहरु सकारात्मक देखिए । र, उनीहरुले शीर्षकमा 'र' थप्नुपर्ने तथा ब्राकेटभित्र सामाजिक कथा लेख्नुपर्ने सर्त अघि राखे । त्यसमा निर्माण टिम सहमत भएपछि विवाद सल्टिएको हो ।

छलफलको क्रममा आधा दर्जन बढी शीर्षक सिफारिस भएका थिए । 'एक भागवत् र एक गीताको प्रेमकथा', 'एक भागवत् र एक गीताको कथा', 'एक गीता भगवत्', 'एक भागवत्' या 'एक गीता', 'अर्को भागवत् गीता', 'एक भागवत्-गीता' आदि नाम सिफारिस भएको थियो । नयाँ शीर्षकमा सहमति जुटेपछि बोर्ड अध्यक्ष भुवन केसीले दुवै पक्षलाई खादा लगाएर धन्यवाद व्यक्त गरेका थिए ।

दुई पक्षबीच भएको सहमतिले भोलि हुनसक्ने ठूलो दुर्घटना टरेकोमा अध्यक्ष केसीले खुसी व्यक्त गरे । 'सहमति नभएको भए भोलि ठूलो दुर्घटना पनि हुन सक्थ्यो । त्यो नहोस् भन्नकै लागि बोर्डले सहमतिको प्रयास गरेको थियो,' उनले भने, 'बोर्डले सेन्सर सिफारिस रोकेका थिएन र रोक्न पनि मिल्दैन । दुई पक्षबीच विवाद उत्पन्न भएपश्चात् अभिभावक संस्थाले आफ्नो भूमिका निर्वाह गरेको हो ।'

फिल्मको टिम र हिन्दूवादी संगठनबीचको छलफलमा निर्माता संघका अध्यक्ष नवल खड्का, कलाकार दीपकराज गिरी, निर्देशक तथा कलाकार खगेन्द्र लामिछाने, निर्माता तथा निर्देशक कृषा चौलागाईं लगायतको उपस्थिति रहेको थियो । छलफलमा हिन्दूवादी संगठनका प्रतिनिधिहरुले बोर्ड अध्यक्ष भुवन केसीको संयमता र धैर्यताले नै सहमतिको वातावरण बनेको भन्दै प्रशंसा गरेका थिए ।

# दुई महिनापछि बसेको प्रदेशसभा ४ वटा विधेयक ल्याएर स्थगित

साझाकुरा संवाददाता



हेटौंडा, २४ भदौ/ बागमती प्रदेशसभाको गतिरोध हटाउन सभामुख भुवनकुमार पाठकले बोलाएको सर्वदलीय बैठकबाट बागमती सरकार र प्रतिपक्षबीच सहमति भएको छ ।

बजेट पास गर्नुअघि प्रतिपक्षीसँग गरेको सहमति कार्यान्वयन नभएको भन्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले १८ भदौमा तय भएको बैठकमा अवरोध गर्ने चेतावनी दिएको थियो । त्यसयता २ पटकसम्म बस्ने भनिएको प्रदेशसभा बैठक एमालेको चेतावनीपछि हुन सकेको थिएन । जसकारण प्रदेशसभा सञ्चालनका लागि सभामुख पाठक सक्रिय भएका थिए । सभामुखले आइतबार बिहान बोलाएको सर्वदलीय बैठकमा सहमति जुटेसँगै प्रदेशसभा बैठक बसेको थियो । बैठकमा सरकारले प्रतिपक्ष दलले उठाएका माग प्रक्रियागत रुपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि एमाले सकारात्मक हुँदा प्रदेशसभा सञ्चालन हुन सकेको हो ।

सरकारले यसअघि भएको सम्झौता अनुसार एमालेलाई ४५ करोड रुपैयाँ र राप्रपालाई २५ करोड रुपैयाँ बराबरको योजना तथा कार्यक्रम बजेटमा समावेश गर्ने गरी मन्त्रिपरिषद् बैठकबाट निर्णय गरिसकेको बताउँदै आएको थियो । यसअघि सरकार र विपक्षी दलबीच पटक-पटक भएको छलफलबाट ठोस निष्कर्ष निस्कन नसकेपछि भदौ १८ गतेदेखि प्रदेश सभा बैठक स्थगित हुँदै आएको हो । आइतबार बसेको प्रदेशसभाको पहिलो बैठकमा चार वटा विधेयकहरु पेश भएको र दोस्रो बैठकमा शोक प्रस्ताव पारित गरी २९ भदौसम्मलाई बैठक स्थगित गरिएको छ ।

बागमती प्रदेशसभामा सरकारको तर्फबाट ४ वटा विधेयक पेश गरिएको छ । सरकारले विज्ञान प्रविधि तथा नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस भएको छ ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले विज्ञान प्रविधि तथा नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था बनेको विधेयक र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सदनमा पेस गरेका हुन् । आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र स्वास्थ्यमन्त्री उत्तम जोशीले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पेस गरेका हुन् । त्यस अघि प्रदेशसभाको शून्य समयमा सांसदहरुले आफ्नो धारणा राखेका थिए ।

यससँगै, बागमती प्रदेश सभा बैठक भदौ २९ गतेसम्मका लागि स्थगित गरिएको छ । बागमती प्रदेशसभाका सभामुख पाठकले २९ गते साढे १२ बजेसम्मका लागि बैठक स्थगित गरिएको जानकारी दिए । प्रदेशसभाका पूर्वसदस्य डा. राजाराम कार्कीको निधनप्रति शोक प्रस्ताव पारित गरेको थियो । क्यान्सर रोगको संक्रमणबाट केही दिनअघि उनको निधन भएको थियो । स्वर्गीय कार्की २०७४ मा प्रदेशसभा सदस्य थिए । उनको उपचारको क्रममा निधन भएकोप्रति प्रदेशसभा बैठकले शोक प्रस्ताव पारित गरेको हो ।

प्रदेशसभा बैठकमा ३ वटा विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ । छलफलको क्रममा प्रदेशसभाका सदस्यहरुले सरकारलाई विधेयक माथि थप विषयवस्तुहरु समावेश गरी परिमार्जन गर्न सुझावहरु दिएका छन् । बैठकमा प्रदेशसभा सदस्यहरुले उठाएका प्रश्नहरुको सम्बन्धित मन्त्रीहरुले जवाफ दिएका थिए । बागमती प्रदेशसभा बैठक २ महिनापछि बसेको हो । सरकारले प्रदेशसभालाई बिजनेस दिन नसकेको भन्दै आलोचना भइरहेको छ । तत्कालका लागि सरकारसँग बिजनेश नहुँदा प्रदेशसभा बैठक २९ गतेसम्मलाई धकेलिएको छ ।

# विद्यार्थीलाई योग सिकाउन थाहाका शिक्षकलाई प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/थाहा नगरपालिकाको दामन, पालुङ र आग्राका विद्यालयका शिक्षकलाई दिइएको पहिलो चरणको एकहप्ते योग शिक्षक तालिम सकिएको छ । तालिम १८ देखि २४ भाद्रसम्म पालुङ जेसीज सभाहलमा भएको थियो । थाहा नगरपालिकामा शिक्षकका लागि योग, ध्यान र साधना तालिमपछि उनीहरुले विद्यालयमा बालबालिकालाई अभ्यास गराउनु पर्नेछ ।

थाहा नगरपालिकाका विद्यालयमा योग, ध्यानलाई नियमित गर्ने उद्देश्यले पहिलो चरणमा थाहाका १, २, ३, ४, ७ र ८ का सार्वजनिक तथा निजी विद्यालयका शिक्षकको सहभागितामा रहेको तालिमका संचालक तथा सुनौला सिकाइ केन्द्रका संयोजक रुपचन्द्र गोपालीले जानकारी दिए । तालिममा ३१ जना शिक्षकको सहभागिता थियो । थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विद्यालयमा नियमित रुपमा विद्यार्थीलाई योग, ध्यान कक्षा सञ्चालन गर्ने नीति लिएको थियो ।

विद्यार्थीलाई योग, ध्यान र साधनामार्फत अनुशासित र कर्तव्यनिष्ठ बनाई मानवमूल्यको जगेर्ना गर्ने थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले बताए । तालिमका सहाभागीलाई योगगुरु राजन बिडारीले प्रशिक्षण दिएका थिए । तालिममा योगासन, ध्यान मुद्रा, प्राणायाम आहारविहार दिनचर्या र प्रयोगात्मक ज्ञान सहितको विषेश शिक्षक प्रशिक्षण दिएको थियो ।

थाहानगर शिक्षा शाखाका अधिकृत माधवबिक्रम मल्लको प्रमुख आतिथ्यतामा सम्पन्न समापन कार्यक्रममा अधिकृत मल्लले अहिले सामुदायिक विद्यालयमा योग र ध्यानको पठनपाठन र अभ्यासका लागि एक/एक जना शिक्षकलाई तालिम दिएर प्रशिक्षित गराएको बताए । उनले भने- 'अब प्रशिक्षित शिक्षकले विद्यालयमा विद्यार्थीलाई योग र ध्यानबारे सैद्धान्तिक र व्यावहारिक अभ्यास गराउनु हुनेछ ।'

कार्यक्रममा योगगुरु बिडारीले योग र ध्यानले मानिस अनुशासित हुनेसँगै स्वस्थ रहने र मानसिक विकार हटेर आनन्दको अनुभूति गर्नसक्ने बताए । विद्यालयमा अनिवार्य सुरु गरिने ध्यान र योगका सैद्धान्तिक छलफल र अभ्यासले समाजमा यसको अनुकरण गर्ने थपिँदै जाने बिडारीले बताए । तालिमको संयोजन सुनौला सिकाइ केन्द्रले गरेको थियो। सिकाइ केन्द्रले हरेक शनिबार नियमित योग, ध्यान शिविर आयोजना गर्दै आइरहेको छ ।

# जनकल्याण सहकारीले मनायो स्थापना दिवस



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले आफ्नो २८ औं स्थापना दिवस मनाएको छ । संस्था २०५३ साल भदौ २४ गते स्थापना गरिएको थियो ।

संस्थाका संस्थापक अध्यक्ष बासुदेव अधिकारीको प्रमुख आतिथ्यता एवम संस्थाका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो । स्थापना दिवसको अवसरमा शुभकामना आदनप्रदान तथा चियापानको आयोजना गरिएको थियो । अन्तरक्रियामा सहभागीले अहिले सहकारी संस्थाहरु अप्ठेरो अवस्थामा रहेकाले सञ्चालक समितिले सावधानीपूर्वक काम गर्नु पर्नेमा जोड दिए । संस्थामा आवद्ध शेयर सदस्यहरुलाई विश्वासमा लिई काम गर्नुपर्ने भन्दै सहभागीले जनकल्याणको नामलाई सदैव उच्चस्थानमा राख्नुपर्ने बताए ।

सहकारीका ब्यवस्थापक दिपेन्द्र गौतमले सहकारीको आर्थिक अवस्थाको बारेमा जानकारी गराउदै सहकारीले सदैव शेयर सदस्यको हितमा काम गरेको बताए । संस्थाका पूर्वअध्यक्ष रघुप्रसाद आचार्य, पूर्वउपाध्यक्ष खिलप्रसाद गौतम, उपाध्यक्ष श्यामप्रसाद भट्टराई, सल्लाहकार, सञ्चालक समिति, सञ्चारकर्मी, कर्मचारी, शेयर सदस्यलगायतको सहभागिता थियो । शेयर पूँजी २ करोड ५५ लाख निक्षेप २१ करोड २२ लाख ऋण लगानी १९ करोड ८० लाख रहेको यस सहकारीमा २ हजार ८ सय ५० जना शेयर सदस्य आवद्ध रहेको संस्थाका सचिव रोमबहादुर न्यौपानेले बताए ।


हार्दिक बधाई तथा शुभकामना



यस संघका शुभचिन्तक तथा थाहानगरका अग्रणी व्यवसायी **श्री पुरुपोत्तम ढकाल**ज्यू थाहा नगर उद्योग वाणिज्य संघको गरिमामय अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**कृष्ण कुमार गुप्ता (अध्यक्ष)** *तथा*

**मकवानपुर उद्योग वाणिज्य संघ परिवार**


# खतिवडाको संयोजत्वमा दिगो विकास लक्ष्यको प्रदेश कमिटी गठन

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च बागमती प्रदेशमा नयाँ कमिटी गठन भएको छ । आइतवार बालकल्याण समाजका अध्यक्ष एवं राष्ट्रिय बालसंरक्षण संजालका केन्द्रीय सदस्य प्रकाश खतिवडाको संम्योजकत्वमा १२ सदस्यीय कमिटी गठन गरिएको हो ।

कमिटीमा मञ्चमा आवद्ध संस्थाहरु युथ एलोङ भोइसका सुजन अधिकारी, सरोकार समाज नेपालका अशोक खनाल, युथक्लव नायारगढका दयाराम कंडेल, बाल हेल्पलाईनका झविन्द्र ज्ञवाली, प्रयास धादिङ्का सुनिता कँडेल, विश्वास नेपालका मधु गुरुङ, कोशिश, एनजिओ फेडेरेशन, पत्रकार महासंघका प्रतिनिधि एवं जेआईभिसीसीका रामहरि नेपाल, मानवअधिकार संरक्षण तथा मानवबेचविखन विरुद्धको संजालको प्रतिनिधि चयन भएका छन् । मञ्चले हालसम्म लुम्वीनी, मधेश, सुदुरपश्चिम र आइतवार वागमती प्रदेशमा कमिटी गठन गरेको छ भने कमिटी सातै प्रदेशमा गठन हुने जनाएको छ ।

मञ्चले बालश्रम, बाध्यकारी श्रम र मानवबेचविखन विरुद्ध हुने क्रियाकलापलाई रोक्नुका साथै प्रदेशको कानुन निर्माणमा सरकारसँग सहयोग गर्ने, कानुनको पुनरावलोकन गर्ने र कानुनको प्रभावकारी कार्यान्वयनका लागि पैरवी गर्नुका साथै विभिन्न सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने नागरिक मञ्च वागमती प्रदेशका संयोजक खतिवडाले जानकारी दिए ।

# हेटौंडामा बीपीको प्रतिमा अनावरण



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/नेपाली कांग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले मकवानपुरको हेटौंडा-११ मा स्थापित विपी बाटिकामा निर्माण गरिएको बीपीको प्रतिमा अनावरण गरेका छन् ।

नेपाली कांग्रेसका संस्थापक एवम् पहिलो जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको ११० औं जन्मजयन्तीमा हेटौंडामा अर्धकदको प्रतिमा अनावरण गरिएको हो । बीपी विचार समाज मकवानपुरको आयोजनामा गरिएको कार्यक्रममा नेता कोइरालाले बीपीद्वार उद्घाटन गर्नुका साथै बाटिका परिसरमा वृक्षरोपण समेत गरेका थिए । समाजका अध्यक्ष विनोदचन्द्र कोइरालाको सभाध्यक्षता तथा नेता शेखर कोइरालाको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा कांग्रेस बागमती प्रदेश सभापति तथा प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँ सहित प्रदेशसभाका सदस्यहरु, जिल्ला सभापति बुद्ध लामालगायत मकवानपुरका कांग्रेस नेता तथा कांग्रेसजनहरुको सहभागिता रहेको थियो । दुर्गा मन्दिर परिसरमा रहेको बीपी बाटिकामा बीपीको अर्धकदको प्रतिमा राखिएको हो । बागमती प्रदेश सरकारले बाटिका निर्माण, प्रवेशद्वार निर्माण र अर्धकदको प्रतिमा निर्माणका लागि दुईचरणमा २२ लाख रुपैयाँ प्रदान गरेको समाजका अध्यक्ष कोइरालाले बताए ।

# कारमा गाँजा बोक्ने थापा रजैयाबाट पक्राउ

हेटौंडा, २४ भदौ/ पूर्वपश्चिम राजमार्ग अन्तर्गत मनहरी गाउँपालिका-९ रजैयाबाट आइतबार बिहान लागुऔषध सहित एकजना पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय नेवारपानीबाट गस्तीमा खटिएको प्रहरीटोलीले बा ६ च १८४७ नम्बरको कारबाट लागुऔषध सहित एकजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मकवानपुर कैलाश गाउँपालिका-१ बस्ने ३५ बर्षीय गणेश थापा रहेका छन् । उनी सवार कारमा रीतपूर्वक खानतलासी गर्दा कारको डिक्कीभित्र लुकाईछिपाई राखेको अवस्थामा ७१ किलो ११५ ग्राम लागूऔषध गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । लागूऔषध र कार सहित थापालाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# स्थानीय क्लबलाई वडा कार्यालयको खेलकुद सामग्री



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ मनहरी गाउँपालिका-८ का वडाअध्यक्ष नारायण उप्रेतीले एफसी सिम्पानीका खेलाडीलाई खेलकुदका सामग्री प्रदान गरेका छन् ।

वडाअध्यक्ष उप्रेतीले वडाको तर्फबाट खेलाडीलाई खेलअभ्यास गर्नका लागि आवश्यक पर्ने खेलसामग्री प्रदान गरेको हुन् । फुटबल ५ थान, १ थान पम्प, पञ्जा, अभ्यास सामग्रीलगायत वितरण गरिएको हो । करिव २० हजार रकम बराबरको खेल सामग्री वितरण गरिएको उप्रेतीले बताए । गाउँपालिकाबाट खेलकुद सामग्री वितरणका लागि बजेट माग गरेको र वडाले खेलकुद सामग्री वितरण गरेको उनले जानकारी दिए ।

खेलले मानिसलाई स्वस्फुर्त बनाउने र खेल मनोरञ्जनको एक प्रभावकारी माध्यम भएकोले पनि खेल क्षेत्रलाई विकास गर्दै लैजानुपर्ने उनले बताए । खेलले शारीरिक स्फुर्ति कायम गर्ने मात्र नभई अन्तराष्ट्रिय चिनारी समेत दिने भएकोले युवालाई खेलकुद क्षेत्रमा आकर्षित गर्नुपर्ने उनले बताए । अन्य क्षेत्रलाई जस्तै खेलकुद क्षेत्रमा पनि प्रत्येक वर्ष बजेट विनियोजन गरी खेलसंरक्षण र खेलप्रेमी युवालाई अघि बढाउदै लैजाने वडाध्यक्ष उप्रेतीले बताए ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



हार्दिक बधाई तथा शुभकामना



थाहानगर उद्योग वाणिज्य संघको आठौ वार्षिक साधारणसभाबाट निर्वाचित अध्यक्ष पुरुषोत्तम ढकाल, वरिष्ठ उपाध्यक्ष शम्भु सिं कार्की, उपाध्यक्ष उद्योग सानुकाजी गोपाली, उपाध्यक्ष वाणिज्य सुरेन्द्र मान प्रधान, उपाध्यक्ष बस्तुगत राजेन्द्र बिडारी, महासचिव जर्मलाल श्रेष्ठ, कोषाध्यक्ष प्रदिप प्रधान, सचिव श्रीराम कार्की, सहकोषाध्यक्ष निरोज प्रधान, वाणिज्य तर्फका सदस्यहरु धर्मलाल प्रधान, ईश्वर कार्की, बलराम थापा, विक्रम के.सी., यादव जंग रायमाझी, अंजल प्रधान, जयराम खत्री के.सी., वाणिज्य तर्फका महिला सदस्य यशोदा अधिकारी, उद्योग तर्फका सदस्यहरु राजन प्रसाद ढकाल, आरती श्रेष्ठ, सुमन विष्ट, हरेराम कार्की, बस्तुगत सदस्य सुविन्द्र मान प्रधानलाई हार्दिक बधाईका साथ कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.
Palung Multipurpose Cooperative Society Limited
www.pacos.com.np pacospalung@gmail.com 057400005/057400006 Head Office: Thaha-4, Makawanpur


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना